नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

**प्रोग्रेशिभ फाइनान्स लिमिटेडको**

छब्बिसौं बार्षिक साधारण सभाको

**निर्णय अभिलेख (माइन्यूट)**

**१. सभाको बैधानिकता :**

प्रोग्रेशिभ फाइनान्स लिमिटेडको छब्बिसौं बार्षिक साधारण सभा यस कम्पनीको सञ्चालक समितिको मिति २०८०/०९/१६ गते बसेको संचालक समितिको ५०९औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री किशोर कुमार महर्जनज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०८० साल माघ २२ गते, सोमबार (तदनुसार फरवरी ५, २०२४)

समय : दिउसो ११:०० बजे ।

स्थान : ज्यापू प्रज्ञा भवन, भोलगणेश, ललितपुर म.न.पा वडा नं. ९, ललितपुर ।

**३. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार छब्बिसौं बार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण निम्नानुसार खुलाई सभामा उपस्थितिका लागी शेयरधनीहरुलाई मिति २०८०/०९/२९ र मिति २०८०/१०/१६ गतेको सौर्य राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो । साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई बितरणको प्रबन्ध मिलाईएको थियो ।

**४. छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :-**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व.२०७८/०७९ को अन्तिम लेखापरिक्षण प्रतिवेदन, वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण, यससँग सम्बन्धित अनुसूची लगायत लेखा सम्बन्धी टिप्पणी आदि विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरीक्षक श्री रन्जीव एण्ड एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुन: नियुक्ति हुनका लागि योग्य हुनुहुन्छ ।)
४. सञ्चालक समितिमा बाँकी कार्यकालका लागि भएको संचालकहरुको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।
५. संस्थापक समुह “क” तर्फका ३ (तीन) जना तथा सर्वसाधारण समुह “ख” तर्फका एक महिला सहित ३ (तीन) संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।
६. विविध ।

Progressive Finance Ltd. 2051

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

५. **उपस्थिति :**

(१) सञ्चालक समितिका सदस्यहरु जम्मा ६ जना ।

(२) शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा १७१ जना
(साधारण शेयरधनी: १०३ तथा संस्थापक शेयरधनी: ६८ जना)

(३) प्रोक्सी मार्फत उपस्थिति १८५ जना गरी जम्मा उपस्थिति संख्या ३५६ जना ।

**५.१** कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु :

१. श्री किशोर कुमार महर्जन - अध्यक्ष
२. श्री शम्भुलाल डंगोल - संचालक
३. श्री विकास महर्जन - संचालक
४. श्री समुन्द्र काजी श्रेष्ठ - संचालक
५. श्री सविना महर्जन - संचालक
६. श्री विप्लव सिंह - स्वतन्त्र संचालक

**५.२. अन्य पदाधिकारीहरुको उपस्थिति :**

१. श्री अनिल श्रेष्ठ - प्रमुख कार्यकारी अधिकृत
२. श्री प्रमोद भट्टराई - मुख्य प्रबन्धक
३. श्री रुबिश श्रेष्ठ - मुख्य प्रबन्धक/कम्पनी सचिव
४. श्री मन्दीप महर्जन - मुख्य प्रबन्धक
५. श्री भीमसेन बन्जारा - कानूनी सल्लाहकार
६. श्री केशव भण्डारी - प्रतिनिधि, रन्जिव एण्ड एशोसिएट्स, बाह्य लेखापरीक्षक

**५.३ नियमनकारी निकायबाट भएको उपस्थिति: नभएको**

उपस्थिति विवरण

| विवरण | उपस्थिति | शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत |
|---|---|---|
| शेयरधनीहरु | १७१ जना (६ जना संचालक समेत) स्वयं | |
| | प्रोक्सी १८५ जनाको | ५६.५७ प्रतिशत |
| शेयर संख्या | प्रतिनिधित्व भएको जम्मा शेयर संख्या: ४७,९८,०९५ | |

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

यस कम्पनीको छब्बिसौं बार्षिक साधारण सभामा यस कम्पनीको बार्षिक साधारण सभा गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ८४ लाख ८१ हजार ६० कित्ता शेयरको ५६.५७ प्रतिशत प्रतिनिधित्व हुनेगरी जम्मा १७१ जना शेयरधनीहरुको स्वयं र १८५ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) को माध्यमबाट उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयर कित्ताको प्रतिनिधित्व र शेयरधनीहरुको संख्या उपस्थिति भएको थियो ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत प्राप्त संस्था
**Progressive Finance Limited**
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

## ७. सभा सञ्चालनको लागि बैधानिकताको एकिन :

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको छब्बिसौं बार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या १७१ रहेको र निजहरुले प्रतिनिधित्व गरेको कुल शेयर संख्याको ५६.५७ प्रतिशत भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा सञ्चालन गर्न बैधानिक भएको जानकारी सभालाई गराई सभाध्यक्षको अनुमतिले छब्बिसौं बार्षिक साधारण सभाको कामकारवाही सञ्चालन गराउनुभयो ।

७.२. यस कम्पनीको नियमावली को नियम १९ (१) मा भएको व्यवस्था बमोजिम दिनको ११:०० बजे अध्यक्ष श्री किशोर कुमार महर्जनको अध्यक्षतामा वित्तीय संस्थाको छब्बिसौं बार्षिक साधारण सभा शुरु भयो ।

## ८. बार्षिक साधारण सभाको प्रस्तुति :

१. सभाका अध्यक्षज्यूबाट पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाट्न पश्चात वहाँकै अनुमतिले सभाको काम कारवाही शुरु गरियो ।

२. अध्यक्षज्यूले आफ्नो मन्तव्य दिनुहुँदै सञ्चालक समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्नुभयो ।

३. त्यस पछि अध्यक्षज्यूले आ.व. २०७८/७९ को वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाव (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनूसूचीहरु समेत छलफलका लागी सभा समक्ष पेश गर्नुभयो ।

## ९. छलफलका लागि आह्वान :

९.१. वित्तीय संस्थाको आ.व. २०७८/७९ को प्रतिवेदन, वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाव (अन्य विस्तृत आम्दानीको विवरण सहित) तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु ब्यक्त गर्नु भएको थियो ।

९.२. छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नुहुने शेयरधनी महानुभावहरु :

१. श्री ब्रह्मदेव शाक्य
२. श्री डमरुबल्लभ घिमिरे
३. श्री निरुपमा गुप्ता
४. श्री रोजकुमार श्रेष्ठ
५. श्री चन्द्रनारायण श्रेष्ठ
६. श्री सुदिप श्रेष्ठ
७. श्री लवराज जोशी
८. श्री महेन्द्र बहादुर श्रेष्ठ
९. श्री उत्सव श्रेष्ठ
१०. श्री हरिकृष्ण दाहाल
११. श्री उत्तम पाठक

Progressive Finance Ltd. 2051

**१०. छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतीकरण :**

१. श्री ब्रह्मदेव शाक्य

गत सालको वित्तीय विवरण पेश भएको हुँदा साधारण सभा एक वर्ष ढीलो सञ्चालन भएकोमा यसको कारण उल्लेख नभएको पाइयो । संस्थाको खराब कर्जा वृद्धि हुनु निराशाजनक रहेको छ । राम्रो संस्थागत सुशासन र नैतिक आचरणलाई प्राथमिकतामा राखी कार्य गरेमा संस्थालाई प्रगतितर्फ उन्मुख गराउन सकिन्छ ।

२. श्री डमरुबल्लभ घिमिरे

प्रोग्रेशिभ फाइनान्सको पुरानो शेयरधनीको हैसियतले मलाई यसको अवस्थाका सम्बन्धमा राम्रोसँग अवगत छ । यस फाइनान्सलाई आजको अवस्थामा ल्याइपुऱ्याउन अध्यक्षज्यूले ठूलो भूमिका निर्वाह गर्नुभएको छ जुन ज्यादै प्रशंसनीय रहेको छ । अब आउने सञ्चालक समितिले शेयरधनीलाई लाभांश दिने दिशातर्फ अग्रसर हुनुपर्दछ ।

३. श्री निरुपमा गुप्ता

वित्तीय परिसूचकहरु हेर्दा सन्तोषजनक नभएपनि खराब कर्जामा सुधार आउने हो भने संस्था सकारात्मक दिशातर्फ लाग्ने निश्चित छ । कर्मचारी तथा कार्यालय खर्चहरु वृद्धि भएको हुँदा संस्थाले मितव्ययिता अपनाई कार्य गर्नुपर्ने देखिन्छ ।

४. श्री रोज कुमार श्रेष्ठ

संस्थामा आफ्नो कार्यकाल नसकिँदै एकजना सञ्चालकले राजीनामा दिनुभएको छ जसको कारण प्रस्ट हुन सकेन । उठ्नुपर्ने ब्याजको मात्रा बढ्दै गएको हुँदा त्यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ । सञ्चालक समिति र अन्य समितिहरुको खर्चहरुलाई एकमुष्ठ राखिएकोमा यसलाई छुट्याई प्रस्तुत गर्दा उपयुक्त हुनेथियो ।

५. श्री चन्द्रनारायण श्रेष्ठ

खराब कर्जा बढ्नु सबैका निम्ति चिन्ताको विषय हो । हालै प्रकाशित संस्थाको दोश्रो त्रैमासको विवरणमा ठूलो नोक्सानीको अवस्था देखिएको हुँदा यसलाई घटाउन सञ्चालक समिति र व्यवस्थापन अत्यन्त संवेदनशील भई लाग्नुपर्ने देखिन्छ ।

६. श्री सुदिप श्रेष्ठ

संस्थामा संस्थागत सुशासन राम्रो रहनु सुखद पक्ष हो । अध्यक्षको प्रतिबेदन राम्रो छ । संस्था ठिक बाटोमा हिँडेको छ । अब आउने सञ्चालक समितिले संस्थाको नाम झैं प्रगतितर्फ उन्मुख गराउन सफल रहोस् भन्ने कामना गर्दछु ।

७. श्री लवराज जोशी

संस्थागत सुधारमा अझ ध्यान दिनुपर्ने देखिन्छ । कर्मचारी नियुक्ति गर्दा उपयुक्त प्रक्रिया अपनाउनुपर्ने देखिएको छ । संस्थाको खर्च बढेको देखिएकोले मितव्ययिता अपनाउनुपर्ने देखिन्छ । नयाँ सञ्चालक समितिलाई यसको सुधारका लागि ठूलो चुनौति देखिएको छ । संस्थालाई हालै नेपाल राष्ट्र बैंकबाट नसीहत दिइएको सुनिएको छ । यसरी नसीहत दिनुपर्ने कारण के हो ? सञ्चालक समितिको बैठकमा नोट अफ डिसेन्ट आउने गरेको सुनिन्छ । यस्ता कुराहरुमा संस्था संवेदनशील हुनुपर्छ ।

८. श्री महेन्द्र बहादुर श्रेष्ठ

किशोर सर जस्तो अध्यक्ष पाउनु भनेको यस संस्थाका निम्ति ज्यादै ठूलो अवसर हो । बिरामी अवस्थामा रहेको संस्थालाई सुधार गरेर वहाँले आज यस्तो अवस्थामा ल्याउनुभएकोमा धन्यवाद दिन चाहन्छु । आगामी सञ्चालक समितिले वहाँको यस प्रयासलाई निरन्तरता दिँदै शेयरधनीलाई प्रतिफल दिनेतर्फ विचार गर्नेछ भन्ने आशा गर्दछु ।

Progressive Finance Ltd. 2051

९. श्री उत्सव श्रेष्ठ

आर्थिक वर्ष २०७८/७९को वित्तीय विवरण सन्तोषजनक नभएपनि निराशाजनक भने नभएको । खराब कर्जाको अनुपात हाल सबै बैंक तथा वित्तीय संस्थाका निम्ति चुनौतिपूर्ण रहेकोले यसलाई सुधार गरेमा संस्थाका वित्तीय सूचांकहरुमा पुनः सुधार देखिनेछ । वित्तीय विवरणमा केही टाइपिङ सम्बन्धी त्रुटी सच्याउनुपर्ने देखिएको छ ।

१०. श्री हरिकृष्ण दाहाल

वित्तीय संस्थाको स्वास्थ्य सुधारोन्मुख रहेको छ । हालको व्यवस्थापनमा अनुभवी र स्वच्छ व्यक्तिलाई प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नुभएकोमा सञ्चालक समितिलाई धन्यवाद दिन चाहन्छु । वित्तीय सूचकहरु सकारात्मक हुनासाथ सूचीकृत शेयरको मूल्य वृद्धि हुनगई सर्वसाधारण शेयरधनीहरुलाई फाइदा हुने अवस्था रहन्छ । दोश्रो त्रैमासको वित्तीय विवरण हेर्दा संस्थाको खराब कर्जा अनुपात पाँच प्रतिशत भन्दा माथि रहेको कारण संस्थागत निक्षेपहरु नवीकरण नभएको अवस्थामा पनि व्यक्तिगत निक्षेप संकलन गरी निक्षेपमा वृद्धि भइरहेको तथ्यांकले संस्थाप्रति सर्वसाधारणको विश्वास बढ्दै गएको देखिन्छ । समग्रमा संस्थाले योजनाबद्ध रुपमा रणनिती बनाई कार्य गरेमा आगामी दुईवर्ष भित्रै लाभांश दिनसक्ने अवस्थामा पुग्ने विश्वास लिएको छु

११. संस्थामा खराब कर्जाको वृद्धिले मात्र नकारात्मक सूचकहरु देखिएको भएपनि अनुभवी र क्षमतावान प्रमुख कार्यकारी अधिकृतको आगमनबाट हामी सम्पूर्ण शेयरधनीहरुमा उत्साह भने थपिएको छ । उपयुक्त व्यक्तिलाई नेतृत्वदायी भूमिकामा नियुक्त गरेकोमा सञ्चालक समितिलाई धन्यवाद दिन चाहन्छु । वित्तीय विवरण सर्सती हेर्दा खराब कर्जा न्यून भई प्राप्त गर्नुपर्ने ब्याज असुली गर्न सकेमा लाभांशका निम्ति शेयरधनीहरुले धेरै समय कुर्नुपर्ने अवस्था देखिँदैन ।

११. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको अध्यक्षज्यूबाट जवाफ :**

बार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले औंल्याउनुभएको कैफियत तथा अमुल्य सुझावहरु प्रति धन्यवाद दिँदै उक्त कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्दछौं । हाल प्रोग्रेशिभ फाइनान्स राम्रो लयमा संचालन भइरहेको छ । छोटो समयमा तथा कोभिडले आर्थिक प्रणालीमासमेत नकारात्मक असरहरु देखा परेको अवस्थामा समेत शाखाहरु विस्तार गरी संचालनमा ल्याएका छौं । यस सञ्चालक समितिको कार्यावधिमा हामीले एउटा बलियो जग बनाउन सफल भएका छौं । अब आउने सञ्चालक समितिले इमान्दारीपूर्वक सुशासनमा रही कार्य गरेमा संस्था छिटै प्रगतिको बाटोमा उन्मुख हुने आशा गर्दछु । प्रत्येक प्रदेशमा कम्तीमा ३ बटा शाखाहरु रहनेगरी शाखा सञ्चालन गर्ने योजना अनुरुप नै शाखा विस्तार गर्ने लक्ष्य रहेको छ । हामीसँग वृद्धिका लागि राम्रो अवसर भएपनि कर्जा लगानी गर्न धेरै चुनौतिहरु रहेका छन् । सत्ताइसौं साधारण सभा सकेसम्म छिटो सम्पन्न गर्न प्रयासरत रहनेछौं । आगामी दिनमा आर्थिक प्रणालीहरु चलायमान रुपमा सकारात्मक रह्यो भने लगानीककर्ताहरु लाई लाभांश वितरण गर्न सक्षम हुनेछौं । अध्यक्षका रुपमा आज मेरो कार्यकालको अन्तिम दिन हो । मेरो कार्यकालमा मलाई सहयोग गर्नुहुने मेरा सहकर्मी सञ्चालक साथीहरुलाई हृदयदेखि नै धन्यवाद व्यक्त गर्दछु । संस्थाको उन्नति र प्रगतिका निम्ति वहाँहरुको योगदान पनि उत्तिकै महत्वपूर्ण रहेको छ । अन्त्यमा, आगामी सञ्चालक समितिलाई बधाई तथा शुभकामना व्यक्त गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना समेत गर्दछु ।

Progressive Finance Ltd.

१३. **बार्षिक साधारण सभाको निर्णय** :

(क) **सामान्य प्रस्तावहरु :**

**१. संचालक समितिको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

संचालक समितिको तर्फबाट प्रस्तुत आ.ब. २०७८/०७९ को संचालक समितिको प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुभएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

लेखापरीक्षकको आ.व.२०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण आदि सहितको वित्तीय विवरण माथि छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गरी पारीत गरियो ।

**३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७९/८० का लागी लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले यस साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखापरीक्षण समितिको मिति २०८० मंसीर ६ गते बसेको १२९औं बैठकले गरेको सिफारिस बमोजिम रन्जीव एण्ड एशोशिएट्सका चार्टर्ड एकाउन्टेन्ट्स श्री रन्जीव श्रेष्ठलाई लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको लेखापरीक्षण तथा कर परीक्षण बापत पारिश्रमिक कर बाहेक रु. ४,००,०००।- (रुपैयाँ चार लाख मात्र) निर्धारण गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**४. सञ्चालक समितिमा बाँकी कार्यकालका लागि भएको संचालकहरुको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।**

हालको सञ्चालक समितिको कार्यकाल २०८० आषाढ २९ गते समाप्त भएको हुँदा आजको साधारण सभासम्मका लागि मिति २०८० आषाढ २८ गते बसेको सञ्चालक समितिको ५०४ औं बैठकले कम्पनी ऐन, २०६३ को दफा ८७(१) र बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को १४ (२) को प्रतिबन्धात्मक बाक्यांश (ख) बमोजिम आगामी २६ औ वार्षिक साधारण सभा नभए सम्मका लागि सञ्चालक समितिमा बाँकी कार्यकालका निम्ति सञ्चालक पदमा निरन्तरता हुनेगरी भएको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**५. संस्थापक समुह "क" तर्फका ३ (तीन) जना तथा सर्वसाधारण समुह "ख" तर्फका एक महिला सहित ३ (तीन) संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।**

यस वित्तीय संस्थाको सञ्चालक समितिको चार वर्षे कार्यकाल समाप्त भई संस्थापक समुह "क" तर्फका ३ (तीन) जना तथा सर्वसाधारण समुह "ख" तर्फका एक महिला सहित ३ (तीन) संचालकहरुको निर्वाचन गरी नयाँ सञ्चालक समिति गठनका लागि सञ्चालक समितिको ५०९औं बैठकबाट डा. गोकुल प्रसाद बुर्लाकोटीलाई निर्वाचन अधिकृत नियुक्त गरिएको हुँदा वहाँले निर्वाचन प्रक्रिया सम्बन्धमा विस्तृत जानकारी दिनुभयो । संस्थाको नियमावली को दफा २७को उपदफा ८ बमोजिम गठित सञ्चालक समितिको पदावधि समाप्त भएकोले यस साधारण सभाबाट संस्थापक समुह "क" तर्फबाट ३ जना तथा सर्वसाधारण समुह "ख" तर्फबाट



Progressive Finance Ltd. 2051

एक महिला सहित ३ जनाको प्रतिनिधित्व हुनेगरि जम्मा ६ जना सञ्चालकहरु ४ बर्षको कार्यकालका लागि देहाय बमोजिम निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत डा. गोकुल प्रसाद बुर्लाकोटीले सभा समक्ष जानकारी गराउनु भयो र सो लाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | पद | समूह |
|---|---|---|---|
| १. | लक्ष्मी प्रसाद महर्जन | सञ्चालक | संस्थापक |
| २. | शंभुलाल डंगोल | सञ्चालक | संस्थापक |
| ३. | अनिश महर्जन | सञ्चालक | संस्थापक |
| ४. | सविना महर्जन | सञ्चालक | सर्वसाधारण |
| ५. | प्रज्वल कुमार दाहाल | सञ्चालक | सर्वसाधारण |
| ६. | राजभाई डंगोल | सञ्चालक | सर्वसाधारण |

निर्विरोध रुपमा निर्वाचित हुनुहुने सम्पूर्ण सञ्चालकहरुलाई साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुले समर्थन स्वरुप ताली बजाई स्वागत तथा शुभकामना व्यक्त गर्नुभयो ।

**६. विविध**

यस शिर्षक अन्तर्गत छलफल गरी निर्णय गर्नुपर्ने कुनै थप प्रस्तावहरु नभएको हुँदा यस विविध शिर्षक माथि छलफल नभएको ।

**धन्यवाद ज्ञापन तथा साधारण सभा समापन :**

यस छब्बिसौं वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा सभाध्यक्ष श्री किशोर कुमार महर्जनले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय सहभागिताका लागि आभार प्रकट गर्नुभयो । साथै वहाँहरुबाट प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको धारणा व्यक्त गर्दै आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, वित्तीय संस्था सञ्चालनको क्रममा सहयोग गर्ने सम्पूर्ण नियमनकारी निकायहरु, पत्रकार, व्यवस्थापन लगायत उपस्थित सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन सहित साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

..................
रुबिश श्रेष्ठ
कम्पनी सचिव

..................
किशोर कुमार महर्जन
अध्यक्ष

Progressive Finance Ltd. 2051

संस्थाको छाप :

मिति : २०८० माघ २२ गते सोमबार